## स्थानीय सरकार

## सिद्धार्थनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्रमा विज्ञापन कर संकलन कार्यको लागि ठेक्का बन्दोबस्तको लागि बोलपत्र फारम

**आन्तरिक आय ठेक्का नं.** SNP/IR/NCB-01/083/84

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल


# सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्रमा विज्ञापन कर संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि संशोधित बोलपत्र आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१४ गते**

**संशोधित सूचना प्रकाशित मितिः २०८३/०५/१५ गते**

सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्र राखिएको विज्ञापन सामाग्री (होर्डिङ्ग बोर्ड, ग्लो साइन बोर्ड, फ्लेक्स बेड, डिजिटल बोर्ड, व्यानर जस्ता विज्ञापनका लागि प्रयोग गरिने सबै सामाग्री) हरुको विज्ञापन कर संकलन गर्न आर्थिक वर्ष २०८३/०८४ देखि ३ आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, विज्ञापन कर नियमावली, २०७६, सिद्धार्थनगर नगरपालिकाको बाह्य विज्ञापन नियमन निर्देशिका २०८१, नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आन्तरिक आय ठेक्का नं. SNP/IR/NCB-01/083/84

| आय शिर्षक | ठेक्का अवधि (आर्थिक वर्ष) | न्यूनतम वार्षिक ठेक्का रकम | कैफियत |
|---|---|---|---|
| विज्ञापन कर संकलन | २०८३/०८४ | ३१,८१,५००।०० | |
| | २०८४/०८५ | ३३,४०,५७५।०० | |
| | २०८५/०८६ | ३५,०७,६०३।७५ | |
| | जम्मा रकम | १,००,२९,६७८।७५ | |
| | मुल्य अभिवृद्धि कर १३% | १३,०३,८५८।२४ | |
| | न्यूनतम ठेक्का अङ्कको कुल योग | १,१३,३३,५३६।९९ | |

### शर्त तथा प्रावधानहरु-

१. **बोलपत्र दस्तुर***- बोलपत्रदाताले मिति २०८३/०५/२२ गते कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर वापत रु. ३०००/- (पछि फिर्ता नहुने गरी) बुझाई राजश्व प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । अथवा यस कार्यालयको वेभसाईट *siddharthanagarmun.gov.np* बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ, यसरी डाउनलोड गरिएको बोलपत्रको हकमा कार्यालयको कृषि विकास बैक लि.

भैरहवा शाखा कार्यालयमा रहेको खाता नं. ग-१-१-०४-१४६-०११४५६३४-२०-८ मा बोलपत्र फारम दस्तुर जम्मा गरी सोको सक्कल भौचर शिलबन्दी बोलपत्र साथ समावेश गरेको हुनुपर्नेछ ।

२. बोलपत्रदाताले मिति २०८३/०५/२३ गते दिनको १२.०० बजे भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएको बोलपत्र सोही दिनको १२.३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाँधा पर्नेछैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लिखित समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ ।

३. **धरौटी/जमानत-** बोलपत्र पेश गर्दा कबोल गर्ने मुल्य अभिवृद्धि कर सहितको कुल रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि विकास बैक लि. शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३) ०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले सिद्धार्थनगर नगरपालिकाको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड-बण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारममा बोलपत्रदाताको तर्फबाट कुनै शर्त राख्न नपाईने वा उल्लेखित विवरणमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

५. **अवधि** - ठेक्का अवधि २०८३ श्रावण १ गते देखि २०८६ असार मसान्त सम्म तीन आर्थिक वर्षको हुनेछ ।

६. बोलपत्र दर्ता गर्नु अगावै बोलपत्र सँग सम्बन्धित आवश्यक जानकारी नगरपालिकाको राजश्व प्रशासन शाखाबाट लिन सकिनेछ ।

७. यस नगरक्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । बोलपत्र खरिद गर्न चाहने फर्मको हकमा सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

८. **सम्झौता-** बोलपत्र स्वीकृति पश्चात बोलपत्रदातालाई बाटोको म्याद बाहेक ७ दिनको समय दिई आफूले कबोल गरे बमोजिम सम्झौता गर्नको लागि पत्राचार गरिनेछ । यसरी पत्राचार गर्दा पत्र बुझेको वा सूचना प्रकाशित भएको वा कार्यालयको आधिकारिक ईमेल पठाएको मितिलाई समेत गणना गरिनेछ । सुचनाको म्याद भित्र सम्झौताको लागि उपस्थित नभएमा वा आफ्नो कबोल बमोजिमको कबुलियत गर्न मञ्जुर नगरेमा उक्त बोलपत्रदाताको धरौटी/जमानत रकम जफत गरी निजलाई कालोसूचिमा राखिने साथै निज पछिको क्रममा रहेका बोलपत्रहरुलाई कार्यालयको निर्णयानुसार छनौट गरिनेछ ।

९. **जमानत तथा किस्ता** — बोलपत्र स्वीकृत भएपश्चात बोलपत्रदाताले ठेक्काको सम्झौताको समयमा मुल्य अभिवृद्धि कर सहित स्वीकृत ठेक्का अङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नु पर्नेछ र बाँकी ७५ प्रतिशत रकम र सोको मु.अ.कर वापतको रकम समेत नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट कम्तिमा १३ महिना म्याद भएको कार्यसम्पादन जमानत वा नगदै रकम जम्मा गर्न सकिनेछ ।आगामी आर्थिक वर्षको कार्यसम्पादन जमानत वापतको रकम अघिल्लो कार्यसम्पादन जमानतपत्रको म्याद समाप्त हुनु अगावै पेश गरेको हुनु पर्नेछ ।

१०.सम्झौता अनुसार कबोल गरेको रकममा कुनैपनि कारण देखाई रकम घटाउने वा मिन्हा हुने छैन ।

११.ठेक्काको कबोल अंकको वार्षिक रकमलाई चौमासिक रुपमा तीन किस्तामा विभाजन गरी क्रमशः कार्तिक, फागुन र असार मसान्त भित्र किस्तावन्दीमा बुझाउनु पर्नेछ । सम्झौताको बखत नगद जम्मा गरेको रकमलाई किस्ताको रुपमा गणना गरी तिर्नु पर्ने चौमासिक किस्ताबाट कट्टा गरिनेछ । प्रत्येक किस्ताको रकम चौमसिक मसान्त भित्र जम्मा हुन नआएमा रकम दाखिला गर्न छिटो माध्यमबाट सूचित गरिनेछ । यसरी अर्को महिनाको ७ गते भित्र रकम जम्मा नभएमा तिर्नु पर्ने रकममा थप १० प्रतिशत जरिवाना गरिनेछ । जरिवाना गर्दा समेत सो महिना भित्र किस्ता रकम जम्मा नगरेमा धरौटी/जमानत रकमबाट असुल उपर गरिनेछ । किस्ता रकम बारम्बार समयमा नबुझाएमा बैक जमानतबाट असुल उपर गरी ठेक्का बदर गर्न सकिनेछ ।

१२.किस्ता रकम दाखिला गर्दा मुल्य अभिवृद्धि कर तथा आयकर समेत अग्रिम रुपमा दाखिला गरी सोको भौचर उपलब्ध गराउनु पर्नेछ ।

१३.विज्ञापन करको दर नगरपालिकाले सालबसाली जारी गर्ने आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । तोकिएको दररेट भन्दा बाहिर गई शुल्क संकलन गर्न पाईने छैन । यस शर्त भन्दा विपरित हुने गरी बाहिर गई शुल्क संकलन गरेको उजुरी परी छानविन गर्दा प्रमाणित हुन आएको अवस्थामा पहिलो पटक स्पष्टिकरण सोधी जरिवाना स्वरुप रु. १० हजार जरिवाना गरिने तथा दोस्रो पटकका लागि ठेक्का रद्द गरी बैंक ग्यारेन्टी जफत सम्मको कारवाही गरिनेछ । साथै मेला महोत्सव तथा सचेतनामुलक प्रचारप्रसार सम्बन्धि कार्यक्रम सञ्चालनको स्वीकृति प्रदान गर्दा नगरपालिकाले निर्णय गरी छुट प्रदान गर्न सक्नेछ ।

१४.बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्रदाताले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको जमानत रकम जफत भई स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ ।

१५.रित नपुगेको / म्याद नाघी आएको र शर्त सहित पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन । कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने / नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालय समक्ष रहनेछ ।

१६.विज्ञापन करको दररेट (मुल्य अभिवृद्धि कर बाहेक) —

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | स्क्रिन बोर्ड (प्रति विज्ञापन त्रैमासिक) | २५०/- |
| २ | होर्डिङ् बोर्ड, फ्लेक्स लगायतका बोर्ड प्रति स्क्वायर फिट | ११०/- |
| ३ | 2D, 3D, ए.सी.पी, लगायतका विद्युतीय बोर्ड प्रति वर्ग फिट (वार्षिक) | ३००/- |
| ४ | ग्लो साईन बोर्ड प्रति वर्ग फिट | २००/- |
| ५ | व्यवसायिक भित्तेलेखन प्रति वर्ग फिट | ४०/- |
| ६ | सटरमा लेखन / बोर्डमा हातले लेखन प्रति वर्ग फिट | २०/- |
| ७ | पोल व्यानर तथा तुल व्यानर (हस्तलिखित/प्रिन्ट) प्रति गोटा (७ दिन सम्मको लागि पटके) | १००/- |
| ८ | व्यवसायिक दृष्टिले रिक्साबाट माईकिङ्ग प्रतिदिन | १००/- |
| ९ | व्यवसायिक दृष्टिले रिक्साबाट माईकिङ्ग सहित व्यानर प्रदर्शन वा प्रचार गर्दा प्रतिदिन | ३००/- |
| १० | रिक्सा बाहेकको सवारी साधनमा लेखि बोकी वा कुनै प्रकारको व्यानर,बस्तु राखि गरिएको अथवा घुम्ती प्रचार प्रसारमा प्रति दिन | ५००/- |
| ११ | व्यवसायिक माइकिङ्ग प्रति दिन | ३००/- |
| १२ | व्यवसायीक कार्यक्रम अथवा एक्चेन्ज मेलामा गरिने विज्ञापन प्रति बोर्ड प्रति दिन | १५००/- |
| १३ | व्यवसायिक विज्ञापन सहित स्टेजबाट गरिने कार्यक्रम प्रतिदिन | २५००/- |
| १४ | पसल ब्रान्डिङ्ग गर्दा पसलको भित्रि भागमा गरिने व्यवसायिक विज्ञापन (मासिक) | २५०/- |
| १५ | व्यवसायिक दृष्टिले अन्य चारपाङ्ग्रे सवारी साधानबाट प्रचार प्रसार गर्दा प्रतिदिन | २०००/- |
| १६ | पोस्टर तथा पम्पलेट प्रति गोटा प्रति दिन | ३/- |
| १७ | स्टल, बुथ राखि परामर्श वा प्रचार गर्नको लागि प्रति दिन | १०००/- |
| १८ | व्यवसाय दर्ता भएको नाम भन्दा बाहेकका नाममा कुनै पनि भित्री व्यवसायिक विज्ञापन प्रति हप्ता प्रति गोटा | ३००/- |

# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १९ | सिजनेबल विज्ञापनमा अनुमति लिएर मात्र (व्यवसायिक पसल गेटहरु, व्यानर तथा अन्य कुनै पनि प्रकारका विज्ञापन) प्रति गोटा | ३००/- |

१७. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुरा/विषयहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, सिद्धार्थनगर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०७८, विज्ञापन कर नियमावली, २०७६, सिद्धार्थनगर नगरपालिकाको बाह्य विज्ञापन नियमन निर्देशिका, २०८१ र प्रचलित कानून बमोजिम हुनेछ ।

१८. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट *siddharthanagarmun.gov.np* वा कार्यालय समय भित्र राजश्व प्रशासन शाखाबाट विस्तृत जानकारी लिन सकिनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

# सिद्धार्थनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सिद्धार्थनगर नगरपालिकाको विज्ञापन कर संकलन कार्यका लागि तयार पारिएको बोलपत्र फारम (आन्तरिक आय ठेक्का नं. SNP/IR/NCB-01/083/84)

प्रथम पटक प्रकाशित मिति २०८३/०४/१४ गते

संशोधित सूचना प्रकाशित मितिः २०८३/०५/१५ गते

| आय शिर्षक | ठेक्का अवधि (आर्थिक वर्ष) | न्यूनतम वार्षिक ठेक्का रकम | कबोल गरेको रकम (अङ्कमा) |
|---|---|---|---|
| विज्ञापन कर संकलन | २०८३/०८४ | ३१,८१,५००।०० | |
| | २०८४/०८५ | ३३,४०,५७५।०० | |
| | २०८५/०८६ | ३५,०७,६०३।७५ | |
| | जम्मा रकम | १,००,२९,६७८।७५ | |
| | मुल्य अभिवृद्धि कर १३% | १३,०३,८५८।२४ | |
| | न्यूनतम ठेक्का अंकको कुल योग | १,१३,३३,५३६।९९ | |

कबोल गरेको रकम अक्षरमा..........................................................................................................
..........................................................................................................................................
....................................................................................................................................मात्र।

धरौटी रकम (कबोल अङ्कको ५ प्रतिशत) रु. ..............................................................................

अक्षरमा.......................................................................................................................................मात्र।

द्रष्टव्य-

- उपर्युक्त कबोल अंकको बोलपत्र स्वीकृत भएमा नगरपालिकाले तोकेको दररेट बमोजिम मात्र कर संकलन गर्नेछु।
- बोलपत्र फारममा लेखिएका शर्त मान्य छ। साथै अन्य शर्तहरु नगरपालिकाबाट निर्धारण गरेअनुसार मान्य हुनेछ।
- ठेक्का व्यवस्थापनमा नगरपालिकाको निर्णय र निर्देशन बमोजिम कार्य गर्नेछु।
- तोकिएको शर्त पालना नगरेमा कानून बमोजिमको सजाय भोग्न तयार भई यो बोलपत्र फारम पेश गरेको छु।

बोलपत्रदाताको नामः ..............................................................................

ठेगानाः............................................................................................................

आधिकारिक व्यक्तिको नामः ..................................................................

दस्तखतः .....................................................मिति.........................................

(फर्म/कम्पनीको आधिकारिक छाँप)

२०८३-०५-१५ जनक थापा प्रमुख प्रशासकीय अधिकृत